# सामुदायिक विद्यालयमा
# प्राविधिक तथा व्यावसायिक शिक्षा
# (प्रा.एस.एल.सि. र डिप्लोमा तह)
# कार्यक्रम संचालन

# निर्देशिका - २०७२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

# सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा (प्रा.एस.एल.सि. र डिप्लोमा तह) कार्यक्रम संचालन निर्देशिका- २०७२

**प्रस्तावना :**

नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार नेपाल सरकारको आर्थिक अनुदान एवं सामुदायिक विद्यालयको साधन र स्रोत परिचालन गरी गरीब तथा दुर्गम ठाउँका जनताको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा सहज रुपमा पहुंच पुऱ्याउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मातहतमा प्राविधिक एस.एल.सी. र डिप्लोमा तहको प्राविधिक शिक्षा कार्यक्रम संचालन गर्नका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार समेतका आधारमा विद्यालय छनोट गरी कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि यो निर्देशिका लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स कार्यक्रम) संचालन निर्देशिका - २०७२" हुनेछ ।

(ख) यस निर्देशिकालाई अंग्रेजीमा टेक्स (Technical Education in Community School) भनिनेछ ।

(ग) यो निर्देशिका शिक्षा मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा** ,-

(क) "ऐन" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ लाई सम्झनु पर्दछ ।

(ख) "नियम" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम

परिषद् नियमावली, २०५१ लाई सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले "सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स कार्यक्रम) संचालन निर्देशिका - २०७२" लाई सम्झनु पर्दछ ।

(घ) "विद्यालय" भन्नाले टेक्स कार्यक्रम संचालन भएका विद्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ३ वमोजिम गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई सम्झनु पर्दछ ।

(च) "परिषद् कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सानोठिमी, भक्तपुर स्थित केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "प्रधानाध्यापक" भन्नाले विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

(ज) "टिआइटिआई(TITI)" भन्नाले प्राविधिक प्रशिक्षण प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

(झ) "टेक्स (TECS) कार्यक्रम" भन्नाले सामुदायिक विद्यालयमा संचालन गरिने प्राविधिक शिक्षा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ञ) "केन्द्रिय समन्वय समिति" भन्नाले दफा ३ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ट) "केन्द्रिय कार्यान्वयन समिति " भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ठ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १३ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ड) "स्थानीय कार्यक्रम कार्यान्वयन उपसमिति" भन्नाले दफा १४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ढ) "कार्यक्रम संयोजक" भन्नाले व्यवस्थापन समितिद्वारा कार्यक्रम संयोजक भनी तोकिएको सम्वन्धित विषयको प्राविधिक प्रशिक्षकलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## सभिति तथा विद्यालय छनौट सम्बन्धी व्यवस्था

३. **केन्द्रिय समन्वय समिति :** (१) टेक्स कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनौट तथा कार्यक्रम संचालन गर्न केन्द्रिय स्तरमा तपसील वमोजिमको केन्द्रिय समन्वय समिति रहनेछ ।

(२) टेक्स कार्यक्रम सञ्चालन केन्द्रिय समन्वय समितिको गठन देहाय अनुसार हुनेछ :

| | |
|---|---|
| (क) सचिव, शिक्षा मन्त्रालय | अध्यक्ष |
| (ख) सदस्य सचिव, प्रा.शि. तथा व्या.तां.परिषद् | सदस्य |
| (ग) महा-निर्देशक, शिक्षा विभाग | सदस्य |
| (घ) सह-सचिव, योजना महाशाखा, शिक्षा मन्त्रालय | सदस्य |
| (ङ) प्रतिनिधि, अर्थ मन्त्रालय (सह-सचिव स्तर) | सदस्य |
| (च) प्रतिनिधि, राष्ट्रिय योजना आयो (सह-सचिव स्तर) | सदस्य |
| (छ) निर्देशक, टेक्स महाशाखा, प्रा.शि. तथा व्या.ता.परिषद् | सदस्य सचिव |

**(३) केन्द्रिय समन्वय समितिको बैठक र निर्णय सम्बन्धी प्रकृया देहाय बमोजिम हुनेछः**

(क) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(ख) कूल सदस्य संख्याको एकाउन प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन्, अध्यक्षको अनुपस्थितिमा परिषदका सदस्य सचिवले अध्यक्षता गर्नेछन् ।

(घ समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**(४) केन्द्रिय समन्वय समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः**

(क) वार्षिक कार्यकम अनुसार टेक्स कार्यक्रम संचालनका लागि विद्यालय छनौट गर्ने ।

(ख) सामदायिक विद्यालयले आफ्नो स्रोत र साधन प्रयोग गरी टेक्स कार्यकम स्वीकृतीका लागि प्रस्ताव पेश गरेमा परिषद्ले स्वीकृतीका लागि तोकेको आवश्यक संमपुर्ण प्रकृया पुरा गरेको पाईएमा स्वीकृतीका लागि परिषद्, स्तर निर्धारण महाशाखामा सिफारिस गर्ने ।

(ग) कार्यक्रम संचालनका लागि आवश्यक नीति तयार गरी स्वीकृतिका लागि शिक्षा मन्त्रालयमा पेश गर्ने ।

(घ) कार्यक्रम संचालनमा समन्वय र संयोजन गर्ने ।

(ङ) टेक्स कार्यक्रम प्रभावकारी ढंगले संचालन भएको नदेखिएमा कार्यक्रम स्थगन गर्ने ।

(च) टेक्स कार्यक्रमका लागि शिक्षक कर्मचारीको व्यवस्था गर्ने गराउने ।

(छ) टेक्स कार्यक्रमका लागि भौतिक सामग्रीको व्यवस्था गर्ने ।

(ज) टेक्स कार्यक्रमका लागि आवश्यक बजेट निर्माण गर्न लगाई स्वीकृतिका लागि परिषद् मार्फत शिक्षा मन्त्रालयमा सिफारिस गर्ने ।

(झ) टेक्स कार्यक्रममा अध्ययनरत विद्यार्थीको शैक्षिक स्तर वृद्धिका लागि आवश्यक कार्य गर्ने ।

(ञ) टेक्स कार्यक्रमका लागि आवश्यक पर्ने सम्पूर्ण सरकारी, गैरसरकारी तथा निजी निकायहरुसँग समन्वय गर्ने ।

(ट) टेक्स कार्यक्रमको अनुगमन तथा मूल्यांकनको आधारमा कार्यक्रम प्रभावकारी नभएको अवस्थामा कार्यक्रम बन्द गर्ने वा अन्य विद्यालयलाई टेक्स कार्यक्रम हस्तान्तरण गर्ने ।

(ठ) लगातार ३ वर्ष सम्म विद्यार्थी भर्ना दर ५० प्रतिशत भन्दा कम हुने शिक्षालयको कार्यकम स्थगन वा सोही जिल्लाको अन्य कुनै शिक्षालयलाई भौतिक पुर्वाधार सहीत कार्यक्रम हस्तान्तरण गर्ने ।

४ **केन्द्रिय कार्यान्वयन समिति** :(१) टेक्स कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम

परिषद्का उपाध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको केन्द्रीय कार्यान्वयन समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष, प्रा.शि. तथा व्या.ता.परिषद् | अध्यक्ष |
| (ख) | सदस्य सचिव, प्रा.शि. तथा व्या.ता.परिषद् | सदस्य |
| (ग) | महा-निर्देशक, शिक्षा विभाग | सदस्य |
| (घ) | कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| (ङ) | परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय | सदस्य |
| (च) | निर्देशक, बहु प्राविधिक महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (छ | निर्देशक, पाठ्यक्रम महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (ज) | निर्देशक, प्राविधिक महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (झ) | नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (ञ) | निर्देशक, नीति निर्माण तथा योजना महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य |
| (ट) | निर्देशक, टेक्स महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् | सदस्य सचिव |

**(२) केन्द्रिय कार्यान्वयन समितिको बैठक र निर्णय प्रकृया देहाय अनुसार हुनेछ :**

(क) कार्यान्वयन समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(ख) कूल सदस्य संख्याको एकाउन प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) कार्यान्वयन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा परिषदका सदस्य सचिवले अध्यक्षता गर्नेछ ।

(घ) कार्यान्वयन समितिको बैठक सम्वन्धी कार्यविधि, कार्यान्वयन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) केन्द्रिय कार्यान्वयन समितिको काम र कर्तव्य देहाय अनुसार हुनेछ :

(क) टेक्स कार्यक्रमका लागि भौतिक सुविधा निर्माण तथा शै क्षिक सामग्री व्यवस्थापन गर्न सम्वन्धित विद्यालयलाई आवश्यक सहयोग र निर्देशन दिने ।

(ख) विद्यालय तथा कार्यक्रम छनौटको लागि केन्द्रीय समन्वय समितिमा सिफारिस गर्ने ।

(ग) कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, नियमहरुका साथै राय परामर्श तयार गरी केन्द्रिय समन्वय समितिमा स्वीकृतीको लागि सिफारिस गर्ने ।

(घ) टेक्स सम्बन्धी पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा सम्बन्धी आवश्यक निर्देशन दिने ।

(ङ) विद्यालयको नियमित र आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने गराउने ।

(च) नियमित कार्यकम, परीक्षा संचालन, अनुगमन तथा निरीक्षण र गुणस्तर वृद्धिकालागी कार्यकम तथा बजेट निर्माण गरी स्वीकृतिका लागि केन्द्रिय समन्वय समिति समक्ष सिफारिस गर्ने ।

(छ) स्वीकृत वजेट तथा कार्यकम अनुसार प्रगती नगर्ने विद्यालयको स्वीकृत वजेट कटौती गर्न सिफरिश गर्ने ।

## ५. विद्यालय छनौट सम्बन्धी व्यवस्था :

(१) टेक्स कार्यक्रमका लागि सामुदायिक विद्यालय छनौट सम्बन्धी मूल्यांकनका आधारहरु देहाय बमोजिम हुनेछ ।

| मूल्याङ्कनका आधार | अंक भार |
|---|---|
| (क) दुर्गम क्षेत्र | ५ |
| (ख) विद्यार्थी चाप | ५ |
| (ग) प्रवेशिका परीक्षाको नतिजा | ५ |
| (घ) स्वच्छ पिउने पानी, शौचालय र विजुली, संचारको सुविधा | १० |

| | | |
|---|---|---|
| (ङ) | भवन लगायत भौतिक सुविधा | २० |
| (च) | प्रारम्भिक आर्थिक सहभागिता | १० |
| (छ) | सम्बन्धित ट्रेड संचालन गर्न चाहिने विद्यालयको आयश्रोत | १० |
| (ज) | आर्थिक अवस्था | २० |
| (झ) | Job Placement को संभाव्यता | १५ |
| | जम्मा | १०० |

(२) विद्यालयले कार्यक्रम सञ्चालन गर्न आवेदन दिने फाराम अनुसुची- १ अनुसार हुनेछन उपदफा (१) बमोजिम मूल्यांङ्कनका विस्तृत आधारहरु अनुसुची- २ र अनुसुची- ३ अनुसार हुनेछन ।

(३) विद्यालयमा संचालन भईरहेको बिषयलाई समुदाय तथा प्रशिक्षार्थीहरुको मागलाई प्राविधिक तथा प्रशासनिक स्तरको मुल्याँकनको आधारमा विद्यालयले आफनै निजी श्रोत, साधनबाट संचालन हुने गरी थप बिषयको कार्यकम संचालन गर्न दिन सकिने वा बिषय परिवर्तन गर्न केन्द्रीय कार्यान्वयन समितिले केन्द्रीय समन्वयन समक्ष सिफरीस गर्नेछ ।

(४) प्रा.शि.तथा व्या.ता.परिषद् टेक्स महाशाखा र विद्यालय बीच हुने संभौता अनुसार टेक्स कार्यक्रम संचालन हुनेछ ।

(५) कार्यक्रम संचालन गर्न स्वीकृति दिइएका विद्यालयहरुमा सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालनका लागि निर्माण तथा मर्मत संभारमा सकेसम्म कम आर्थिक भार पर्ने लक्ष्य लिईनेछ । तर लक्षित समूह किटान भएको र यसको सामाजिक प्रतिफल उच्च हुने देखिएमा समन्वयात्मक ढंगले कार्यक्रमको विकास गर्ने नीति अंगिकार गरिनेछ। कार्यक्रम संचालन गर्न इच्छुक विद्यालयहरुबाट आवेदन आव्हान गर्दा अनुसूचि २ (दुई) अनुसार प्रस्तावना पत्र र तथ्यांकहरु समावेश गर्नुपर्नेछ। विद्यालय छनौटका लागि आव्हान गरिएका प्रस्तावना पत्रहरुलाई अनुसूचि ३ (तिन) का आधारमा मूल्यांकन गरिनेछ ।

६. <u>**विद्यालय छनौट प्रक्रिया**</u> : विद्यालय छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) TECS कार्यक्रम संचालन गर्ने सामुदायिक विद्यालयका लागि आवेदन दिन परिषद् कार्यालयले राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(२) विज्ञापन भएको ३५ दिन भित्र सामुदायिक विद्यालयले आवेदन फारम र सो सम्बन्धी आवश्यक कागजातहरु आफ्नै जिल्लाको जिल्ला शिक्षा कार्यालयमा दर्ता गरी बुझाउनु पर्नेछ ।

(३) आवेदन फारम खरिद गर्दा विद्यालयले रु. १०००। -(एक हजार) मात्र तिर्नु पर्नेछ ।

(४) सामुदायिक विद्यालयहरुबाट आएका आवेदन फारम संकलन गरी जिल्ला शिक्षा कार्यालयले तोकिएको समयभित्र क्षेत्रिय शिक्षा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(५) क्षेत्रिय शिक्षा निर्देशनालय प्राप्त आवेदनहरुलाई विद्यालय छनौट समितिको सिफारिसमा हिमाली, पहाडी, तराई गरी समानुपातिक आधारमा तोकिएको कोटाको दोब्बर संख्याका विद्यालयहरुको नाम सिफारिस गरी केन्द्रिय समन्वय समितिमा सिफारिस गर्नु पर्नेछ ।

(६) ५ विकास क्षेत्रबाट संकलन भएका आवेदनहरुको आधारमा विद्यालयहरुको निरिक्षण तथा मूल्याङ्कन गरी भौगोलिक दृष्टिले समानुपातिक आधारमा विद्यालय छानिने कार्य केन्द्रिय समन्वय समितिले गर्नेछ ।

७. <u>**विद्यालय छनौट क्षेत्रीय सिफारिस समिति**</u> : (१) टेक्स कार्यक्रम संचालन गर्न विद्यालय छनौट क्षेत्रिय सिफारिश समिति देहाय बमोजिमको हुनेछ ।

| | | |
|---|---|---|
| क. | क्षेत्रिय शिक्षा निर्देशकः | संयोजक |
| ख. | परिषद् कार्यालयले तोकेको क्षेत्रीय निर्देशक वा अधिकृत कर्मचारी | सदस्य |
| ग. | निर्देशक टेक्स महाशाखा वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य- सचिव |

(२) विद्यालय छनौट सिफारिस समितिले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त आवेदनहरुको मूल्यांकन गरी समानुपातिक आधारमा (हिमाली, पहाडी, तराई) जम्मा कोटाको दोव्वर संख्यामा विद्यालयहरु छनौट गरी उक्त आवेदनहरु प्रा.शि. तथा व्या.ता.परिषद् टेक्स महाशाखामा पठाउनु पर्नेछ ।

८. **विद्यालय छनौट, निरिक्षण तथा मूल्याङ्कन समितिः** (१) सामुदायिक विद्यालय छनौट गर्न निरिक्षण तथा मूल्याङ्कन समितिको गठन देहाय वमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| क. | निर्देशक टेक्स महाशाखा वा परिषद् कार्यालयले तोकेको अधिकृत स्तर प्रथम श्रेणीको कर्मचारी | संयोजक |
| ख. | सम्बन्धित विषयका विशेषज्ञ एक जना | सदस्य |
| ग. | सम्बन्धित जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारी | सदस्य |
| घ. | परिषद् कार्यालयको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव |

(२) विद्यालय छनौट, निरिक्षण तथा मूल्याङ्कन समितिले स्थलगत रुपमा विद्यालयको निरीक्षण गरी सिफारिस सहितको प्रतिवेदन केन्द्रिय कार्यान्वयन समितिमा पेश गर्नेछ ।

९. **पूर्वाधार निर्माण सम्बन्धी व्यवस्थाः**

(क) कार्यक्रम संचालन गर्न आवश्यक पर्ने पूर्वाधारहरुको लागत अनुमान तथा डिजाइन सम्बन्धित विद्यालयले तयार गर्नेछ । तर यस्तो अनुमान तयार गर्दा आवश्यक पर्ने जग्गाको खरिद/मुआव्जा परिषद्ले व्यहोर्ने छैन ।

(ख) पूर्वाधार निर्माण सम्बन्धि व्यवस्था स्थानीय स्तरमै गरी लागत अनुमान तथा डिजाइन तयार पार्दा स्थानीय सामाग्री, स्थानीय श्रम र सीपको अधिकतम उपयोगलाई प्राथमिकता दिइनु पर्नेछ ।

(ग) स्थानीय स्तरमै उपलब्ध हुन सक्ने ढुंगा, वालुवा, माटो गिट्टी, काठ तथा अन्य सामाग्रीका लागि सकेसम्म स्थानीय जन श्रमदान तथा योगदानमा जोड दिनु पर्नेछ ।

(घ) पूर्वाधार निर्माण विद्यालय व्यवस्थापन समितिको सुपरिवेक्षणमा उपभोक्ता समितिद्वारा गरिनेछ ।

(ङ) पूर्वाधार निर्माण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तोकेको मापदण्ड अनुसार हुनेछ ।

## १०. कार्यक्रम छनौट सम्बन्धी व्यवस्था

(१) कार्यक्रम छनौट गर्दा स्थानीय आवश्यकता पहिचानको आधारमा संभव भएसम्म विद्यालयले विगतमा संचालन गरेको व्यावसायिक शिक्षालाई प्राथमिकता दिईनेछ । कार्यक्रम छनौटमा विद्यमान विद्यालय व्यवस्थापन समितिको सहभागिता गराउनु पर्नेछ ।

(२) छोटो अवधिको तालीमको सम्बन्धमा स्थानीय कार्यक्रम कार्यान्वयन समितिलेनै सम्पूर्ण व्यवस्थापन गर्नु पर्नेछ र सोको जानकारी तथा अभिलेख विद्यालय व्यवस्थापन समिति तथा परिषद्मा पठाउनु पर्नेछ । कार्यक्रम छनौट र संचालन गर्दा संचालन खर्चलाई ध्यान दिनुपर्ने छ ।

(३) TECS कार्यक्रमको लागि विद्यालय छनौट गर्दा निम्न आधार हरुलाई अनिवार्य रुपमा अवलम्वन गरिनेछ ।

(क) विगत ३ वर्षको एसएलसी वा प्राविधिक धारको एसएलसी परीक्षामा अध्ययन गरिरहेका विद्यार्थी संख्याको सालाखाला ५०% उत्तिर्ण भएको हुनु पर्नेछ ।

(ख) जि.वि.स./नगरपालिका वा कम्तिमा ३ वटा गा.वि.स./NGO बाट TECS कार्यक्रम संचालन गर्न आर्थिक सहायता प्रदान गर्ने प्रतिवद्धता जाहेर गरेको प्रमाण हुनुर्पेछ ।

(ग) कार्यकमको लागी स्थानीय समुदाय यस कार्यक्रमको प्रभावकारी संचालन तथा विकासको निम्ति सकृय हुंदै भविष्यमा स्वामित्व लिन तयार हुनुपर्नेछ ।

(घ) विद्यालय भौतिक सुविधा संपन्न तथा आर्थिक तवरले सवल भएको हुनुपर्नेछ ।

११. **टेक्स कार्यक्रम संचालन गर्ने विद्यालयले पालना गर्नुपर्ने शर्तहरु:**

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट प्राविधिक विषयका TECS Program संचालन गर्न स्वीकृति प्राप्त गरेको एकवर्ष भित्र विद्यालयले उक्त कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(२) परिषद्‌ले तोकेको स्तर बमोजिम प्रशिक्षण दिनु पर्नेछ ।

(३) परिषद्‌ले तोकेको अवधि पूरा गरी सफल भएका प्रशिक्षार्थीहरुलाई परिषद्‌ले दिएको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(४) परिषद्‌ले निर्धारण गरेको पाठ्यक्रम, पाठ्य सामाग्री, प्रशिक्षण अवधि, प्रशिक्षक, परीक्षा प्रणाली तथा मूल्यांकन विधि अपनाउनु पर्नेछ ।

(५) प्रशिक्षणको निमित्त आवश्यक भौतिक सुविधा तथा प्रशिक्षकहरु विद्यालयले नै व्यवस्था गर्नु पर्नेछ ।

(६) परिषद्‌ले दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

(७) परिषद्‌ले बनाएको निर्देशिकालाई आधार मानी विद्यालयहरुले टेक्स कार्यक्रम संचालन गर्नु पर्नेछ । यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै संशोधन परिमार्जन गर्नु परेमा कारण सहित प्रस्तावित संशोधन परिषद् कार्यालयमा पठाउनु पर्नेछ ।

(८) माथिका तोकिएका शर्तहरु पुरा नगर्ने विद्यालयको टेक्स कार्यक्रमको स्वीकृति केन्द्रिय समन्वय समितिले रद्द गर्न सक्नेछ ।

(९) कार्यक्रम संचालन सम्बन्धी सम्पूर्ण प्रक्रियागत क्रियाकलापहरु पारदर्शी हुनु पर्नेछ ।

(१०) यस कार्यक्रम संचालनमा स्थानीय निकायहरुको सहभागिता अनिवार्य गराउनु पर्नेछ ।

(११) प्राविधिक प्रशिक्षण प्रतिष्ठानसंग समन्वय गरी प्रशिक्षकहरुलाई आवश्यक सेवाकालिन तालीमको व्यवस्था गर्नुका साथै समय सापेक्ष पुनरताजगी (Refersher) तालीमको व्यवस्था गरी प्रशिक्षकहरुको उत्प्रेरणा जगाउँदै तालीम कार्यक्रमलाई प्रभावकारी बनाउने ।

(१२) प्राविधिक तथा व्यावसायिक क्षेत्रमा प्रशिक्षण गर्ने प्रशिक्षकहरुको

अभाव रहेको वर्तमान परिप्रेक्षमा यस कार्यक्रममा उनीहरुको आकर्षण बढाउन वर्तमान तलब सुविधाको अतिरिक्त थप आर्थिक सुविधा दिने सकिने व्यवस्था गर्ने ।

**१२. <u>शैक्षिक सामाग्री तथा कक्षा कोठा व्यवस्थापन</u> :**

(१) परिक्षण अवधिमा कार्यक्रम संचालनका लागि आवश्यक पर्ने उपकरण, रशायन, पाठ्यपुस्तक, औजार, स्टेशनरी तथा अन्य शैक्षिक सामाग्री नेपाल सरकारको अनुदानमा परिषद्ले यसै निर्देशिकाको अनुदान तथा प्राविधिक सहयोग शिर्षकमा व्यवस्था गरे अनुसार उपलव्ध गराउनेछ ।

(२) TECS कार्यक्रम संचालनका लागि संम्वन्धीत विषयको पूर्वाधार निर्देशिकामा उल्लेखीत आवश्यक कक्षा कोठा, पुस्तकालय, स्टोर, ल्याव, प्रयोगात्मक अभ्यासका लागि जमीन आदिको व्यवस्था विद्यालयले नै गर्नु पर्नेछ ।

(३) कार्यक्रम संचालनका लागि आवश्यक पर्ने Outdoor/ outreach / Field trip/OJT को व्यवस्था स्थानीय विद्यालयले नै गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः

**१३. <u>विद्यालय व्यवस्थापन समितिः</u>** (१) शिक्षा नियमावली अनुसार गठित विद्यालय व्यवस्थापन समिति नै टेक्स विद्यालय व्यवस्थापन समिति हुनेछ ।

(२) **विद्यालय व्यवस्थापन समितिको बैठक र निर्णयः** विद्यालय व्यवस्थापन समितिको बैठक र निर्णय शिक्षा नियमावली अनुसार हुनेछ ।

(३) **<u>विद्यालय व्यवस्थापन समितिको काम र कर्तव्य (टेक्स सम्बन्धी मात्र):</u>** शिक्षा टेक्स कार्यक्रम संचालन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको देहाय बमोजिम काम कर्तव्य हुनेछः

(क) टेक्स कार्यक्रम कार्यान्वयन समितिले पेश गरेको टेक्स कार्यक्रमको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने ।

(ख) प्रचलित आर्थिक ऐन नियमको परिधि भित्र रही टेक्स कार्यक्रम संचालन खातामा भएको रकमको नियन्त्रण, संचालन तथा रेखदेख गर्ने ।

(ग) टेक्स कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा विभिन्न शुल्क तथा सेवा तथा वस्तुहरुको मूल्य निर्धारण गर्ने ।

(घ) टेक्स कार्यक्रम अन्तरगत संचालित कोषहरुबाट अध्ययनरत प्रशिक्षार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्न कार्यक्रम बनाई लागू गर्ने ।

(ङ) टेक्स कार्यक्रमलाई निरन्तरता दिन तथा स्तरीय बनाउन आवश्यक पर्ने कार्यविधि बनाई कार्यान्वयन गराउने ।

(च) टेक्स कार्यक्रमका अतिरिक्त अन्य प्राविधिक तथा व्यावसायिक कार्यक्रम संचालन गर्नु परेमा प्रा.शि. तथा व्या.ता.परिषद्‌वाट स्वीकृति लिएर मात्र संचालन गर्ने/गराउने ।

(छ) टेक्स कार्यक्रमको सन्दर्भमा आवश्यक पर्ने भौतिक, शैक्षिक तथा आर्थिक पूर्वाधार विकासका लागि स्थानीय तालिम कोष तथा बाह्य स्रोतहरुको व्यवस्था गर्ने र खर्च गर्ने ।

(ज) विद्यालय संचालन हुने समय तोक्ने साथै विद्यालयको भौगोलिक अवस्था अनुसार वर्षे र हिउँदे विदा तोक्ने ।

(झ) टेक्स कार्यक्रम संचालनका लागि आवश्यक प्रशिक्षकहरु (दरवन्दी रिक्त रहेको अवस्थामा परिषद्‌ले तोकेको न्युनतम योग्यता भएका व्यक्तिलाई) सेवा करारमा लिई बढीमा ६ महिनासम्मका लागि संझौताद्वारा काममा लगाउने ।

(ञ) टेक्स कार्यक्रमको स्वीकृत रकम आवश्यकता अनुसार सोही कार्यक्रमको एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने ।

(ट) व्यवस्थापन समितिबाट अनुमोदन भएको कार्यकम तथा वजेट स्विकृतीका लागि परिषद्‌मा पठाउने ।

(ठ) अनुदान रकमको खर्च र आम्दानीको चौमासिक प्रतिवेदन परिषद्मा बुझाउने ।

१४. <u>स्थानीय कार्यक्रम कार्यान्वयन उपसमिति</u> : (१) विद्यालयमा टेक्स कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न व्यवस्थापन समितिको मातहतमा देहाय बमोजिमको एक स्थनिय कार्यकम कार्यान्वयन उपसमिति रहनेछ ।

| | | |
|---|---|---|
| क. | प्र.अ. टेक्स विद्यालय | अध्यक्ष |
| ख. | व्यवस्थापन समितिको सदस्यहरु मध्येबाट एकजना (व्यवस्थापन समितिको निर्णय अनुसार प्राविधिक विषयको जानकार व्यक्ति) | सदस्य |
| ग. | टेक्स कार्यक्रम संयोजक | सदस्य सचिव |

(२) **स्थानीय कार्यक्रम कार्यान्वयन उपसमितिको बैठक र निर्णयः**

(क) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(ख) कूल सदस्य संख्याको एकाउन प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ग) उपसमितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(घ) उपसमितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) **<u>स्थानीय कार्यक्रम कार्यान्वयन उपसमितिको काम र कर्तव्य</u> :** टेक्स कार्यक्रम कार्यान्वयन उपसमितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय प्रशासन, प्रशिक्षक तथा कर्मचारी र प्रशिक्षार्थीहरु बीच समन्वय कायम गरी विद्यालयमा टेक्स कार्यक्रमको व्यवस्था गर्ने ।

(ख) विद्यालय संचालन हुने समय तथा विद्यालयको भौगोलिक अवस्था अनुसार मिनपचास विदाको समय सिफारिस गर्ने ।

(ग) परिषद् र व्यवस्थापन समितिले निर्धारण गरेको निर्देशन अनुसार विद्यालयमा सहयोग पुऱ्याउने ।

(घ) व्यवस्थापन समितिको स्वीकृति लिई स्थानीय समुदाय तथा जनतालाई फाईदा पुग्ने छोटो अवधिका कार्यक्रमहरु परिषद्मा जानकारी दिई संचालन गर्ने ।

(ङ) टेक्स कार्यक्रम संचालनका सम्वन्धमा समस्याहरु देखापरेमा प्रा.शि.तथा व्या. ता.परिषद् टेक्स महाशाखा र विद्यालय बीच छलफल गरी निराकरण गर्ने ।

(च) टेक्स कार्यक्रम संचालनका लागि व्यवस्थापन समितिलाई समय समयमा सल्लाह र सुझाव दिने ।

(छ) विद्यालयको शैक्षिक वातावरण अनुकूल बनाई अनुशासन कायम राख्न सहयोग पुऱ्याउने ।

(ज) टेक्स कार्यक्रम सम्बन्धी वार्षिक कार्यक्रम, बजेट र वार्षिक क्यालेण्डर तथा कार्य योजना तयार पारी स्वीकृतिका लागि व्यवस्थापन समितिमा पेश गर्ने ।

(झ) टेक्स कार्यक्रम अन्तरगत संचालित कोषहरुको विभिन्न शुल्क तथा अन्य सेवा तथा वस्तुहरुको मूल्य निर्धारण सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको सहमतिमा गर्ने ।

(ञ) प्रायोजित तालिम संचालनका लागि आवश्यक पहल गर्ने, प्रस्तावना तयार पार्ने, समन्वय गर्ने, व्यवस्थापन समितिको र परिषद्को सहमति लिएर तालिम संचालन गर्ने ।

(ट) कम्तीमा महिनाको एकपटक वैठक वस्ने ।

(ठ) उप समितिले प्रशिक्षार्थी हित सम्बन्धी कुरामा निर्णय गर्नु पर्दा आवश्यकता अनुसार प्रशिक्षक तथा प्रशिक्षार्थी प्रतिनिधिहरुलाई समेत समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(ड) विद्यालय परिसर भित्र प्राविधिक शिक्षालयको अध्ययन अध्यापन हुन्छ भन्ने प्रष्ट देखिने गरी विषय अनुसारको स्थायी प्रकृतिको प्रदर्शनी गराउने ।

(ढ) जिल्ला स्थित सरकारी प्राविधिक कार्यालय संग समन्वय गरी सम्वन्धीत प्राविधिक विषयका कार्यकम प्रभावकारी वनाउने ।

१५. **प्रधानाध्यापकको काम, कर्तव्य** : शिक्षा ऐन तथा नियमावलीमा तोकेको काम कर्तव्य तथा अधिकारका अतिरिक्त टेक्स कार्यक्रम संचालन गर्ने विद्यालयका प्रधानाध्यापकको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(१) परिषद् र व्यवस्थापन समितिले दिएको निर्देशन अनुरुप विद्यालयको टेक्स कार्यक्रम संचालन गर्ने ।

(२) स्वीकृत वजेट नियमानुसार खर्च गर्ने र आम्दानी खर्चको विवरण परिषद्ले तोकेको ढांचामा राख्ने र राख्न लगाउने ।

(३) पाठ्यक्रम बमोजिम सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालन गर्ने, गराउने ।

(४) प्रमुखको हैसियतले विद्यालयको टेक्स कार्यक्रमको सम्पूर्ण शैक्षिक तथा प्रशासनिक जिम्मेवारी लिने ।

(५) परिषद्, विद्यालय र व्यवस्थापन समितिका बीच आवश्यक समन्वय गर्ने ।

(६) छात्रावास भएको अवस्थामा संचालन गर्ने, रेखदेख गर्ने र तत्सम्बन्धी आवश्यक अन्य व्यवस्था मिलाउने ।

(७) परिषद्ले निर्धारण गरे बमोजिम पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्यांकन विधि कार्यान्वयन गर्ने र गराउने ।

(८) पुस्तकालयमा पाठ्यक्रम अनुसार आवश्यक पाठ्यपुस्तक तथा पाठ्य सामग्रीको व्यवस्था गर्ने र गराउने ।

(९) पठन पाठनको स्तर कायम राख्न सम्बन्धित विषयका प्रशिक्षकहरुलाई निर्देशन दिने ।

(१०) प्रशिक्षकको ज्ञान शीपलाई समयानुकूल बनाई राख्न आवश्यक पर्ने तालीम, कार्यशाला आदिको व्यवस्था गर्ने ।

१६. **कार्यक्रम संयोजकको काम र कर्तव्य** :-

(१) टेक्स कार्यक्रमको वार्षिक कार्य योजना तथा बजेटको प्रारुप तयार पारी कार्यक्रम कार्यान्वयन समिति तथा व्यवस्थापन समितिको वैठकवाट स्वीकृति गराइ सोही अनुरुप संचालन गर्ने र गराउने ।

(२) स्थानीय कार्यान्वयन उप-समितिको बैठक बोलाउने, माइन्यूट राख्ने र आवश्यकता अनुरुप पत्राचार गर्ने ।

(३) टेक्स कार्यक्रम सम्बन्धी विषयमा पत्राचार गर्दा प्र.अ.को निर्देशानुसार हस्ताक्षर गरी पत्राचार गर्ने ।

(४) टेक्स कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुको उपस्थिति, विदा, तालीम र दैनिक तथा भ्रमण आदेशको लागि प्र.अ.लाई सिफारिस गर्ने ।

(५) टेक्स कार्यक्रमसंग सम्बन्धित प्रशासनिक, प्राविधिक कर्मचारीहरुलाई आवश्यकता पर्ने तालिमको लागि TITI, परिषद् र अन्य संघ संस्थासंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

(६) परिषद्ले तोकेको ढांचामा टेक्स कार्यक्रमको प्रगति प्रतिवेदन तथा खर्चको फांटवारी चौमासिक तथा वार्षिक रुपमा तयार पारी विद्यालयमा रेकर्ड तयार गरी पेश गर्ने तथा एक एक प्रति टेक्स महाशाखा र नीति निर्माण तथा योजना महाशाखा, परिषद्मा पठाउने ।

(७) स्थानीय आवश्यकताहरुको पहिचान गरी सोही अनुरुपका छोटो अवधिका तालिमहरु संचालन गर्ने र गराउने ।

(८) कार्यगत तालिम (On the Job Training) को लागि सम्बन्धित संघ संस्थाहरुसंग पत्राचार गरी प्रशिक्षार्थीहरुलाई OJT मा पठाउने साथै अनुगमन तथा मूल्यांकन गर्ने ।

(९) प्रशिक्षार्थीहरुको आन्तरिक परीक्षाहरु सम्बन्धी सम्पूर्ण कार्यहरु (प्रश्नपत्र निर्माण, शैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाको व्यवस्थापन, संचालन तथा मूल्यांकन आदि) गर्ने र गराउने ।

(१०) विद्यालय, परिषद् तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गर्ने ।

(११) विद्यार्थीहरुलाई सीपमा दक्ष बनाई स्वरोजगार बन्नका लागि प्रोत्साहन गर्ने ।

## कार्यक्रम व्यवस्थापन

**१७. जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था :**

(१) कार्यक्रम संचालनका लागि आवश्यक पर्ने सहयोगी प्रशासनिक कर्मचारीहरु विद्यालयमै कार्यरत कर्मचारीहरु हुनेछन् र तीनको तलव भत्ता परिषदले व्यहोर्ने छैन ।

(२) कार्यक्रमलाई आवश्यक पर्ने प्राविधिक शिक्षकहरु विद्यालयले नै उपलव्ध गराउनु पर्नेछ । २ जना प्रशिक्षक र २ जना सहायक प्रशिक्षकको तलव भत्ताका लागि आवश्यक पर्ने रकम आर्थिक सहायताको रुपमा एक मुष्ठ अनुदान नेपाल सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत व्यवस्था गर्नेछ । अन्य सुविधाको हकमा विद्यालयले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(३) आवश्यक प्राविधिक प्रशिक्षकको नियुक्ति परिषद्को मापदण्डको आधारमा गरिनेछ । प्रशिक्षकहरुको शैक्षिक योग्यता, पेशागत तालीम तथा अन्य व्यावसायिक तालीमहरुको समकक्षता परिषद्को प्रचलित विनियमावली अनुसार हुनेछ ।

(४) प्रशिक्षकहरुको न्यूनतम योग्यता परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. विद्यार्थी छनौट सम्बन्धी व्यवस्थाः**

(१) विद्यार्थीको न्यूनतम योग्यता पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ । २९ महीने TSLC का हकमा SLC अनुत्रीर्ण भएका, १५ महिने TSLC का लागि एसएलसी वा एसएलसी प्राविधिक धार उतीर्ण र डिप्लोमाका लागि टिएसएलसी वा एसएलसी वा प्राविधिक धारको एसएलसी उतीर्ण ।

(२) विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सञ्चालन परिषद्ले तोके वमोजिम हुनेछ ।

(३) छनौट प्रक्रियाको सञ्चालन र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी परिषद् परीक्षा नियन्त्रण कार्यालयको हुनेछ । छोटो अवधिको

तालीमका लागि परिषद्ले अपनाएको नीति नै अनुसरण गरी सम्बन्धित विद्यालयले नै संचालन गर्नु पर्नेछ र सोही बमोजिम प्रमाणपत्र पनि प्रदान गरिनेछ।

१९. <u>परीक्षा मूल्यांकन तथा परीक्षा सम्बन्धी व्यवस्थाः</u>

(१) कार्यक्रम संचालनका लागि पाठ्यक्रम तथा पाठ्यभार, प्रशिक्षण विधि, मूल्यांकन प्रक्रिया तथा प्रमाणिकरण परिषद्को नियमानुसार हुनेछ।

(२) परीक्षाको प्रश्न पत्र निर्माण, परीक्षा संचालन, तथा नतिजा प्रकाशनको सम्पूर्ण जिम्मेवारी परिषद्को परीक्षा नियन्त्रण कार्यालयको हुनेछ।

(३) कार्यगत तालिम (OJT) का मुल्याङ्कन तथा निरिक्षण प्राविधिक महाशाखाले गर्नेछ ।

(४) टेक्स कार्यक्रमको परीक्षा संचालन गर्दा लाग्ने आर्थिक दायित्व दैनिक तथा भ्रमण भत्ता नेपाल सरकारले टेक्स कोष मार्फत एकमुष्ट उपलव्ध गराएको रकमबाट परीक्षा समितिले परीक्षा सम्बन्धी भत्ता निर्धारण गर्नेछ।

(५) परिषद् परीक्षा नियन्त्रण कार्यालयले टेक्स कार्यक्रमको बाह्य परीक्षा संचालन तथा अन्तिम नतिजा प्रकाशन गर्नेछ।

(६) परिषद् परीक्षा नियन्त्रण कार्यालयले तोकेको समय र स्थानमा प्रयोगात्मक तथा सैद्धान्तिक परीक्षाहरु संचालन हुनेछ ।

(७) परिषद्का आंगिक शिक्षालयका विद्यार्थीहरुले सरह टेक्स कार्यक्रमका विद्यार्थीहरुले परीक्षा सम्बन्धी शुल्क बुझाउनु पर्नेछ।

(८) टेक्स कार्यक्रमको आन्तरिक मूल्यांकन परीक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन र ढाँचामा संचालन गर्नुपर्नेछ।

(९) टेक्स कार्यक्रमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्यको समन्वय परिषद्को सम्बन्धित क्षेत्र कार्यालयले गर्नेछ।

२०. <u>प्रशिक्षण शुल्क</u> :

(१) लक्षित समूहलाई प्राविधिक शिक्षा र तालीमको सेवा पुर्याउने मुख्य उद्देश्य भएको हुंदा प्रशिक्षण शुल्क व्यवस्थापन समितिले निर्धारण गर्न सक्नेछ । यसरी निर्धारण भएको शुल्क परिषद् कार्यालयबाट अनुमोदन भएपछि लागू हुनेछ ।

(२) विद्यार्थीलाई छात्रबृत्ति प्रदान गर्ने, शुल्क मिनाहा गर्ने नगर्ने निर्णय विद्यालय व्यवस्थापन समितिले गर्न सक्नेछ ।

## २१. TECS कार्यक्रम संचालन तथा व्यवस्थापनमा विभिन्न निकायको भूमिकाः

**(१) शिक्षा मन्त्रालयः**

(क) नीति निर्माण गर्ने ।

(ख) आवश्यक बजेटको व्यवस्था गर्ने ।

(ग) केन्द्रिय स्तरमा विभिन्न निकायहरु वीच समन्वय गर्ने, गराउने ।

**(२) शिक्षा विभागः**

(क) TECS कार्यक्रम संचालनका लागि मातहतका कार्यालयहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।

(ख) विद्यालय छनौटको कार्यमा परिषद्लाई सहयोग गर्ने ।

(ग) कार्यक्रम संचालन, व्यवस्थापनका लागि परिषद् तथा सम्वद्ध निकायहरुसंग समन्वय गर्ने ।

(घ) कार्यक्रम संचालनका लागि पूर्वसम्भाव्यता, संभाव्यता, पूर्वाधार निरीक्षण/अध्ययनमा परिषद्लाई सहयोग गर्ने ।

**(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

(क) कार्यक्रम संचालनका लागि आवश्यक पर्ने प्रस्तावना पत्र (Prospectus) तयार गर्ने र प्रकाशित गर्ने ।

(ख) कार्यक्रम संचालनका लागि आवश्यकताको पहिचान गर्ने ।

(ग) कार्यक्रम संचालनका लागि संम्भाव्यता अध्ययन तथा पूर्वाधार निरीक्षण शिक्षा विभागको समन्वयमा गर्ने ।

(घ) कार्यक्रम संचालनका लागि अनुमति प्रदान गर्ने ।

(ङ) विद्यालयको TECS कार्यक्रमको नियमित अनुगमन गर्ने ।

(च) On the job Training को अन्तिम मूल्यांकन गर्ने ।

(छ) TECS कार्यक्रमको अन्तिम सैद्धान्तिक/प्रयोगात्मक परीक्षा संचालन/मूल्यांकन गर्ने, प्रमाण पत्र प्रदान गर्ने, समकक्षता प्रदान गर्ने र तत् सम्बन्धि अन्य काम गर्ने ।

(ज) प्रशिक्षक व्यवस्थाको लागि विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(झ) लेखा परीक्षण गर्न सहयोग गर्ने ।

(ञ) नियमित अनुगमनको आधारमा कार्यक्रम थपघट विस्तार, स्थानान्तरण तथा वन्द गर्न केन्द्रिय समन्वय समितिमा सिफारिस गर्ने ।

(ट) प्रशिक्षकहरुको नियुक्तिका लागि आवश्यक आधार तोक्ने र सो कार्यमा विद्यालय व्यवस्थापन समितिलाई सघाउ पुर्‍याउने ।

(ठ) कार्यक्रम सम्वद्ध सबैको क्षमता विकास गर्न सहयोग गर्ने ।

(ड) कार्यक्रम संचालनमा प्राविधिक व्यवस्थापनको कार्य गर्न सहयोग गर्ने ।

(ढ) कार्यक्रम संचालनको लागि अनुदानको व्यवस्था गर्न सहयोग गर्ने ।

(ण) भौतिक सुविधाको विकास सम्बन्धि व्यवस्था र रेखदेख गर्न सहयोग गर्ने ।

(त) आवश्यक शैक्षिक सामाग्री, उपकरण तथा औजारको व्यवस्था गर्न सहयोग गर्ने ।

**(४) क्षेत्रीय शिक्षा निर्देशनालयः**

(१) तोकिएको आधारमा विद्यालय छनौटका लागि आवश्यक सहयोग गर्ने ।

(२) क्षेत्र अन्तर्गतका TECS विद्यालयहरुको नियमित निरीक्षण तथा अनुगमन गर्ने र आवश्यकता अनुसार नजिकको परिषद् अन्तर्गतका निकायहरुको सहयोग लिने ।

(३) कार्यक्रम संचालनको लागि स्थानीय निकायहरुलाई स्रोत र साधनको परिचालन गर्ने व्यवस्थाको लागि सहयोग गर्ने ।

(४) कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि सहयोग गर्ने ।

५) **जिल्ला शिक्षा कार्यालयः**

(१) TECS कार्यक्रम वारे सूचना प्रवाह गर्ने ।

(२) विद्यालय छनौटका लागि आवश्यक पर्ने अभिलेख/सूचनाहरु उपलव्ध गराउने ।

(३) TECS कार्यक्रम संचालनका लागि परेको आवेदन संकलन गर्ने ।

(४) परेका आवेदनहरु क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउने ।

(५) विद्यालय छनौटमा आवश्यक सहयोग गर्ने ।

(६) कार्यक्रमको रेखदेख निरीक्षण तथा अनुगमन गर्ने ।

(७) जनसहभागिता जुटाउन सहयोग गर्ने ।

(८) कार्यक्रम प्रति स्थानीय समुदायलाई अभिप्रेरित गर्ने ।

(९) स्थानीय स्रोत परिचालन गर्ने गराउने ।

## २२. अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाः

(१) विद्यालयमा संचालित TECS कार्यक्रमको नियमित अनुगमन परिषद्को टेक्स महाशाखा, प्राविधिक महाशाखा, सम्वन्धित क्षेत्र कार्यालयको समन्वयमा अनुगमन तथा मुल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्नेछ । TECS महाशाखाले उक्त प्रतिवेदन केन्द्रिय कार्यान्वयन समितिमा पठाउने छ । आवश्यक अनुसार समय समयमा अनुगमन तथा प्रगति समिक्षा केन्द्रिय समन्वय समिति आफैले गर्न सक्नेछ ।

(२) परीक्षणको ३ वर्ष पुरा भएपछि TECS कार्यक्रमको विस्तृत मूल्यांकन गरिनेछ, यसै मूल्यांकनलाई आधारमानी कार्यक्रम विस्तार, स्थानान्तरण, कोटा तथा कार्यक्रम स्थगित गर्ने आदि कार्य गरिने छ । मूल्यांकनको विधि तथा प्रकृया केन्द्रिय समन्वय समितिले तोकेको ढांचा बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## लेखा सम्बन्धी व्यवस्था:

२३. **टेक्स संचालन कोष (खाता):** विद्यालयमा एउटा स्थानीय तालिम कोष हुनेछ जस्मा देहायका रकम जम्मा हुनेछ।

(१) परिषद् मार्फत नेपाल सरकारवाट प्राप्त अनुदान।

(२) प्रशिक्षार्थीहरुबाट लिईने शुल्क।

(३) चन्दा, दान दातव्यबाट प्राप्त रकम।

(४) तालीम अवधिमा उत्पादित वस्तु र सेवाहरुको विक्रिबाट प्राप्त रकम।

(५) स्वीकृत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा व्यक्ति विशेषको सहयोग।

(६) गा.वि.स./नगरपालिकाबाट प्राप्त अनुदान।

(७) जि.वि.स. र सांसद कोष तथा संसद निर्वाचन क्षेत्र विकास कोषबाट प्राप्त सहयोग

(८) स्थानीय समुदाय आदि जस्ता निकायहरुवाट प्राप्त अनुदान/सहयोग।

(९) गत आ.व.को टेक्स संचालन खातामा बांकी रहेको रकम।

(१०) अन्य श्रोतबाट प्राप्त रकम।

२४. **कोषको खाता र यसको संचालन:** टेक्स कार्यकमका लागी प्राप्त रकम वाणिज्य वैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्ने छ सो खाताको संचालन प्र.अ., लेखा हेर्ने कर्मचारी र टेक्स कार्यक्रम संयोजकको संयुक्त दस्तखतबाट हुनेछ।

२५. **कोषबाट व्यहोरिने रकम:** कोषको रकम खर्च गर्दा विभिन्न शिर्षकमा भएको खर्चहरु बेग्ला बेग्लै शिर्षकमा पारदर्शी रुपमा लेखा राख्नु पर्नेछ।

२६. टेक्स कार्यक्रमसंग सम्बन्धित दैनिक भ्रमण भत्ता, मर्मत संभार, निर्माण खरिद प्रक्रिया, परामर्श सेवा आदि विद्यालयको प्रचलित आर्थिक नियमानुसार गर्नुपर्ने छ।

२७ **बजेट निकासा गर्ने:** विद्यालयको वार्षिक कार्यक्रमको आधारमा परिषद्ले विद्यालयलाई उपलब्ध गराउने बजेट रकम चौमासिक रुपमा अनुदान स्वरुप निकासा दिइने छ । यसको लागि विद्यालयले चौमासिक निकासा माग फारामका साथ देहायको कागजातहरु संलग्न गर्नु पर्नेछ ।

(१) पहिलो चौमासिक निकासाको लागि विद्यालयको पछिल्लो वर्षको वार्षिक प्रगति प्रतिवेदन ।

(२) दोश्रो चौमासिक निकासाको लागि प्रथम चौमासिक प्रगति विवरण र खर्चको फांटवारी ।

(३) तेश्रो चौमासिक निकासाको लागि दोश्रो चौमासिक सम्मको प्रगति विवरण दोश्रो चौमासिक सम्मको खर्चको फांटवारी र अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन ।

२८. **लेखा व्यवस्थाः** विद्यालयको लेखा प्रचलित कानूनमा उल्लेखित श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित हुनु पर्नेछ ।

२९. **लेखा परिक्षणः**

(१) परिषद् कार्यलयले विद्यालयको टेक्स कार्यकमको आन्तरिक लेखा परिक्षण गर्न आवश्यक देखेको खण्डमा आन्तरीक लेखा परिक्षण गर्न सक्ने छ ।

(२) विद्यालयको प्रधानाध्यापकले आम्दानी र खर्चको विवरण तयार गरी प्रत्येक वर्षको श्रेस्ता क्षेत्रीय शिक्षा निर्देशनालयले पठाएको सूचि अनुसारको लेखा परीक्षकहरु मध्ये जिल्ला शिक्षा समितिले तोकेको लेखा परीक्षकबाट गराउन पर्नेछ ।

(३) विद्यालयको टेक्स कार्यक्रमको नगदी जिन्सी, आम्दानी खर्चको हिसाव किताब तथा खाताहरु जुनसुकै बखत जिल्ला शिक्षा कार्यालय तथा परिषद्वाट खटिएको कर्मचारीले जांचबुझ गर्न सक्नेछ । यसरी निरीक्षण गर्न खोजेको बखत निरीक्षण गराउने र निरीक्षकद्वारा प्राप्त सुझाव र निर्देशनको पालना गर्नु गराउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(४) टेक्स कार्यक्रमको लेखा नेपाल सरकारको प्रचालित ढांचा र तरीका बमोजिम राख्नु पर्नेछ ।

३०. **<u>कार्यक्रम संचालन भत्ताः</u>** टेक्स कार्यक्रम संचालन भएका विद्यालयका प्रधान अध्यापक तथा कार्यक्रम संयोजकलाई निम्नानुसार भत्ता उपलव्ध गराईने छ ।

(१) प्र.अ.लाई मासिक रु. १०००।- (एक हजार) भत्ता उपलव्ध गराईने छ ।

(२) टेक्स कार्यक्रमका संयोजकलाई मासिक रु. ७००।- (सात सय) र लेखा तथा प्रशासनको जिम्मेवार कर्मचारीलाई मासिक रु. ६००।- भत्ता उपलव्ध गराईने छ ।

३१. **<u>प्रायोजित तालिम कार्यक्रमः</u>** विद्यालयले टेक्स कार्यक्रमलाई आर्थिक रुपले टेवा पु¥याउन नियमित टेक्स कार्यक्रमका कोर्षहरुलाई कुनै बाधा, नोक्सान नपुग्ने गरी विद्यालयमा विद्यमान श्रोत र साधनहरुको परीचालन गरी प्रायोजित तालिम कार्यक्रम संचालन गर्न सक्नेछ ।

(१) विद्यालय तथा टेक्स कार्यक्रमको नियमित कार्यक्रमलाई कुनै वाधा नपर्ने गरी प्रायोजित कार्यक्रम संचालन गर्न सकिने छ ।

(२) प्रायोजित कार्यक्रम संचालन गर्दा टेक्स कार्यक्रमलाई छुट्टयाइएको नियमित वजेट खर्च गर्न पाईने छैन ।

(३) प्रायोजित तालिम कार्यक्रम संचालन गर्दा तालिममा लाग्ने सम्पूर्ण खर्च प्रायोजित तालिम संचालन गर्न छुट्टयाइएको रकम तथा वजेटबाट व्यहोर्नु पर्ने छ ।

(४) प्रायोजित कार्यक्रम संचालन गर्दा सम्झौता भएको कूल रकमको कम्तिमा २५% रकम टेक्स संचालन खातामा जम्मा गर्नु पर्ने छ र बांकी ७५% रकम मध्येबाट तालिम सम्बन्धी कार्यहरुमा खर्च गर्न सकिने छ ।

३२. **प्रायोजित कार्यक्रम संचालन सम्बन्धी भत्ता (तालीम संचालन अवधिकालागी मात्र पारिश्रमिक) देहाय बमोजिम हुनेछ:**

(१) प्रशिक्षक प्रति पिरियड (कक्षा) रु. २५०।- (रु. दुई सय पचास)

(२) सहायक प्रशिक्षक प्रति पिरियड (कक्षा) रु. २००।- (रु. दुइ सय)

(३) प्रधानाध्यापक: एक महिना सम्मको प्रायोजित तालिममा प्रति महिना रु. १०००।- (रु. एक हजार) र एक महिना भन्दा बढीको तालिम भएमा प्रति महिना रु. ७००।- (रु. सात सय) पाउने छन्।

(४) तालिम (कोर्ष) संयोजक : एक महिना सम्मको प्रायोजित तालिममा प्रति महिना रु. १०००।- (रु. एक हजार) र १ (एक) महिना भन्दा बढीको तालिम भएमा प्रति महिना रु. ७००।- (रु. सात सय) पाउने छन्।

(५) लेखा : १ (एक) महिना सम्मको प्रायोजित तालिममा प्रति महिना रु.५००।- (रु. पाँच सय) र १ (एक) महिना भन्दा बढीको तालिम भएमा प्रति महिना रु. ३००।- (रु. तीन सय) पाउने छन्।

(६) पियन : १ (एक) महिना सम्मको प्रायोजित तालिममा प्रति महिना रु.३५०।- (रु. तीन सय पचास) र १ (एक) महिना भन्दा बढीको तालिम भएमा प्रति महिना रु. २००।- (रु. दुई सय) पाउने छन्।

**नोट:** प्र.अ., कार्यक्रम संयोजक, लेखा, पियन, लगायतका कर्मचारीहरुले प्रायोजित कार्यक्रम वापत प्राप्त गर्ने भत्ता (जतिसुकै कार्यक्रम संचालन भएपनि) प्रति महिनाका दरले मात्र उल्लेखित रकम भुक्तानी गर्नु पर्नेछ।

(छ) प्रायोजित तथा नियमित कार्यक्रममा बाहिरको विषय विशेषज्ञहको सेवा लिनु पर्ने भएमा देहाय बमोजिम पारिश्रमिक उपलब्ध गराउने।

| क्र. सं. | तह | नियमित कार्यक्रम | प्रायोजित कार्यक्रम |
|---|---|---|---|
| १ | अधिकृतस्तर | २५०।- (रु. दुई सय पचास) प्रति पिरियड | ३००।- (रु. तीन सय) प्रति पिरियड |
| २ | सहायकस्तर | २५०।- (रु. दुई सय पचास) प्रति पिरियड | २५०।- (रु. दुई सय पचास) प्रति पिरियड |

(ज) प्रायोजित तालिम सन्दर्भमा खर्च भई बांकी रहेको रकम १०० % मानी ७५ % टेक्स संचालन खातामा जम्मा गरी बांकी २५ %

रकम कार्यक्रममा संलग्न कर्मचारीहरुलाई तलब स्केलका आधारमा दामासाहीले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

नोटः माथिका सबै पारिश्रमिक दरमा नेपाल सरकारको आर्थिक ऐन, नियमानुसारको आयकर सम्बन्धित व्यक्तिकै पारिश्रमिकबाट कट्टा गरी विद्यालयले कर कार्यालयमा दाखिला गर्ने तथा रेकर्ड राख्ने गर्नुपर्दछ ।

**३३. खारेजी र बचाउः**

क) साधारण विद्यालयमा प्राविधिक शिक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०५८ र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम संचालन तथा व्यवस्थापन निर्देशिका २०६४ लाई खारेज गरिएको छ ।

ख) साधारण विद्यालयमा प्राविधिक शिक्षा संचालन तथा व्यवस्थापन निर्देशिका २०५८ र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम संचालन तथा व्यवस्थापन निर्देशिका २०६४ अनुसार भए गरेका कामहरु यसै निर्देशिका अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची - १
### दफा ५ संग सम्बन्धित
### विद्यालयले भर्ने आवेदन फारम

१) **विद्यालय सम्बन्धी विवरण:**

क. विद्यालयको नाम : ..........................................................

ख. भौगोलिक अवस्था :

हिमाली ☐ पहाडी ☐ तराई ☐

ग. ठेगाना :

अंचल .................. जिल्ला .................. गा.वि.स./न.पा.

वडा नं. ................टोल ................

फो.नं. ................ फ्याक्स नं. ................

घ. स्थापना मिति : ..........................................................

च. विद्यालयको किसिम :

माध्यामिक : ☐

उच्च मा.वि. : ☐

व्यावसायिक विषय : ..........................

संचालित संकाय : ............................

छ .सदरमुकामबाट विद्यालय सम्मको दुरी : ..................................

१. **मा.बि तहमा बिद्यार्थी संख्या:**

| कक्षा | २०... छात्र | छात्रा | २०६.. छात्र | छात्रा | २०... छात्र | छात्रा |
|---|---|---|---|---|---|---|
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| जम्मा | | | | | | |

२. प्रबेशिका परिक्षामा उतीर्ण प्रतिशत

| वर्ष | सम्मिलित संख्या | उतीर्ण संख्या | उतीर्ण प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २०... | | | | |
| २०... | | | | |
| .२०... | | | | |
| जम्मा | | | | |

३. पिउने पानी,शौचालय,बिद्युत र संचारको सुबिधा

| सि.नं | बिवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| क | पिउने पानी | | | |
| ख | शौचालय | | | |
| ग | बिद्युत | | | |
| घ | संचार | | | |
| ङ | फोन | | | |
| च | फयाक्स | | | |
| छ | ईन्टरनेट | | | |

४. भौतिक सुविधा :-

क. हाल विद्यालयको नाममा रहेको जग्गा (लालपुर्जा सहितको)
................विघा /रोपनी

ख. भवन संख्या.............

ग. कक्षा कोठा संख्या............

घ. कक्षा कोठा नाप सहितको
१) २) ३) ४)

टेक्स कार्यक्रमको लागि उपलब्ध गराउन सकिने भौतिक सुविधाहरु:
जग्गा........... भवनको संख्या........... कक्षा कोठाको संख्या नाप सहित.............

५. स्थानिय सहभागिता :-

५० % ☐ २५ % ☐ १०% ☐

६. **पुस्तकालयको अबस्था (नाप सहितको)**

क) पुस्तक संख्या.......... ख) फर्निचरहरु.........

ग) दराज........

घ) कुर्सी......... ङ) रयाक.........

७. **विद्यालयको आयश्रोत :**

क) स्थानिय निकायबाट..........

ख) संघ सस्थाबाट...............

ग) शुल्कबाट.....................

घ) हालसम्मको बैक ब्यालेन्स.........

८. **विद्यालयले ब्यहोर्न सक्ने टेक्स कार्यक्रम संचालन खर्चः** (विद्यालय व्यवस्थापन समितिको निर्णय सहित)

५० % ४० % ३०% २०%

९. **विद्यालयले रोज्ने बिषयः**

क) वाली बिज्ञान (कृषि) ख) पशु बिज्ञान (कृषि)

ग) सिभिल घ) कम्प्युटर

ड) विद्युत च) अन्य..................

छ) A/C फ्रिज Refrigeration

१०. **संचालन गरिने बिषयको संभाव्यता :-**औचित्यता पुष्टयाई पेश गर्नुपर्ने ।

क) मानव श्रोत साधन को अवस्था : ... ... ... ... ... ...

ख) स्थानीय माग .... .............. ............................ ..

ग) स्थलगत अभ्यासको लागी स्थल तथा संभाव्यता :..................

घ) रोजगारीको अवस्था ................. ............. ...................

निरीक्षण तथा मूल्यांकन समितिले निरीक्षणको समयमा विद्यालयबाट भराई ल्याउनु पर्ने विवरण

१. भौतिक पूर्वाधार :

| क्र.सं. | विवरण | कुल परिमाण | TECS कार्यक्रमको लागि उपलब्ध हुन सक्ने | कैफियत |
|---|---|---|---|---|
| १. | क. भवन संख्या<br>ख. कूल कक्षाकोठाको संख्या क्षेत्रफल सहित<br>ग. कार्यालय कोठाहरुको संख्या<br>घ. कार्याशालाको संख्या क्षेत्रफल सहित<br>ङ. प्रयोगशालाको संख्या क्षेत्रफल सहित | | | |
| २. | क. जग्गाको क्षेत्रफल भवनले ओगटेको बाहेक<br>ख. भवनले ओगटेको जमिनको क्षेत्रफल<br>ग. खेलकुद मैदानको क्षेत्रफल | | | |
| ३. | क. पुस्तकालयको व्यवस्था<br>ख. पुस्तकालयको क्षेत्रफल<br>ग. पुस्तकको संख्या | | | |
| ४. | चर्पीको व्यवस्था | | | |
| ५. | छात्रावासको क्षमता | | | |

२. कार्यालय सामान, उपकरण तथा शिक्षण सामग्री :

| विवरण | परिमाण | अवस्था | कैफियत |
|---|---|---|---|
| क. कम्प्युटर | | | |
| ख. प्रिन्टर | | | |
| ग. टाईपराईटर | | | |
| घ. लिथो मेशिन | | | |
| ङ. फोटोकपी मेशिन | | | |
| च. ओभरहेड प्रोजेक्टर | | | |
| छ. स्लाइड प्रोजेक्टर | | | |
| ज. टेलिभिजन | | | |
| झ. भि.सि.आर | | | |
| ञ. रेडियो क्यासेट | | | |
| ट. सेतोपाटी | | | |
| ठ. अन्य .... .... ... ... ... | | | |
| ड. ... ... ... ... ... ... ... | | | |
| ढ. ... ... ... ... ... ... ... | | | |

३. आर्थिक विवरण:

गत आ.ब.................. वार्षिक वजेट : ..................................

| आम्दानीका श्रोतहरु | रकम रु.मा | खर्चको शिर्षक | रकम रु.मा | व्यालेन्स |
|---|---|---|---|---|
| क. सरकारी अनुदानबाट प्राप्त रकम | | क. तलब<br>ख. भत्ता | | |
| ख. ... ... ... ... ... | | ग. ... ... .... | | |
| ग. ... ... ... ... ... | | घ. ... ... ... | | |
| घ. ... ... ... ... ... | | ङ ... ... ... . | | |
| ङ. ... ... ... ... ... | | च. ... ... ... | | |
| च. ... ... ... ... ... | | | | |

- पछिल्लो पटक लेखा परिक्षण भएको आ.ब. ... ... . ... ... ... ... ..

४ विद्यालयले संचालन गर्न चाहेको संभावित तालीम कार्यक्रमहरु प्राथमिकताको आधारमा लेख्ने :

क. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

ख. ... ... ... .... ... .... ... ... ... ... ... ... ... ... ... ... .. ...

ग. .... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

५. उल्लेखित तालीम कार्यक्रमहरु संचालन गर्न चाहेको औचित्यताको बारेमा पुष्ट्याई दिने

क. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

ख. ... ... ... .... ... .... ... ... ... ... ... ... ... ... ... ... .. ...

ग. .... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

........ ..................... ................. .......................

६. यदि विद्यालय पुरस्कृत भएको भएमा सो को विवरण उल्लेख गर्ने :

क. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

ख. ... ... ... .... ... .... ... ... ... ... ... ... ... ... ... ... .. ... ...

ग. .... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

................... ................... ................... ....................

७. विद्यार्थीहरुलाई छात्रवृति प्रदान गरेको भए सो को विवरण उल्लेख गर्ने :

क. ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

ख. ... ... ... .... ... .... ... ... ... ... ... ... ... ... ... ... .. ...

ग. ... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

**माथि उल्लेखित ब्यहोरा साचो हो,झुटा ठहरिएमा आवेदन रद्द गरेमा मेरो मन्जुरी छ ।**

विद्यालयको छाप

फोन नं. प्रधानाध्यापकको दस्तखत :....................

## अनुसूची - २
## दफा ५ संग सम्बन्धित
## मुल्याङ्कनका आधारहरु

१. **विद्यालय छनौटका आधारहरुः**

१ पाँच वटै विकास क्षेत्रका हिमाली, पहाडी र तराईमा टेक्स विद्यालय पर्ने गरि समानुपातिक किसिमले प्रत्येक विकास क्षेत्रमा TECS Programme (टेक्स प्रोग्राम) दिइनेछ ।

२ विद्यालय घाटामा नचलेको हुनु पर्नेछ ।

३ अन्य सरकारी वा गैरसरकारी संस्थाले सहयोग प्रदान गरेको विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ ।

४ विगतमा व्यावसायिक शिक्षा संचालन गरेर त्यसका लागि आवश्यक औजार उपकरण तथा अन्य भौतिक सुविधा बाँकी रहेका विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ ।

५ वस्तुगत सहयोगको प्रतिबद्धता व्यक्त भएका विद्यालयहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

६ अन्य सरकारी, तथा गैर सरकारी तथा विदेशी दातृराष्ट्रबाट सम्पूर्ण आर्थिक दायित्व वहन गर्ने गरी प्रायोजित भई आएका कार्यक्रमहरुलाई संचालन गर्न स्विकृति प्रदान गरिनेछ ।

७ स्थानिय निकाय मै प्राविधिक जनशक्ति खपत हुन सक्ने विशेष परिस्थिति सृजना भई कुनै खास प्रकृतिको तालिम कार्यक्रम सञ्चालन गर्नु परेमा त्यस्तो कार्यक्रमलाई विशेष प्राथमिकता दिईने छ।

२. **भौतिक पूर्वाधार :**

१) कार्यक्रमका लागि कक्षा कोठा, कार्यशाला Field work का लागि आवश्यक जमिन उपलब्ध हुनु पर्नेछ ।

२) सैद्धान्तिक कक्षाका लागि ४० जना विद्यार्थी अटाउने दुइवटा कोठा, पस्तकालय, स्टोर तथा ल्यावको लागि छुट्टाछुट्टै स्तरयुक्त कोठा उपलब्ध हुनु पर्नेछ ।

३) खेलकुदका निम्ति आवश्यक खेल मैदानको व्यवस्था हुनु पर्नेछ ।

४) शिक्षालयको स्थान, स्वच्छ वातावरण युक्त हुनु पर्नेछ ।

५) कार्यक्रम विस्तारका लागि तराईमा कम्तीमा १ विगाहा र पहाडमा १० रोपनी जग्गा हुनुपर्नेछ ।

६) Workshop, fieldwork तथा Practical works का लागि curriculum ले तोके अनुसारको जग्गा हुनु पर्नेछ ।

७) विद्यालयमा हाल भईरहेको जनसख्यालाई पर्याप्त विजुली, पानी, शौचालय तथा संचारको व्यवस्था हुनु पर्नेछ ।

८) विद्यालयमा संचालित कार्यक्रममा आवश्यकता अनुसार जनशक्ति तथा श्रोत हुनु पर्नेछ ।

३. **स्थानीय प्रतिवद्धता**

१) स्थानिय निकाय (जि.वि.स., न.पा./गा.वि.स.), सरकारी तथा गैह्रसरकारी संस्थाबाट विद्यालयलाई बार्षिकरुपमा नगद तथा जिन्सी सहयोग प्राप्त हुने प्रतिबद्धता भएको हुनु पर्नेछ ।

२) स्थानीय स्तरमै उपलबध हुन सक्ने निर्माण सामाग्री ढुंगा, माटो, बालुवा, गिट्टी, बाँस तथा काठ विद्यालयलाई उपलब्ध गराउन स्थानीय निकाय प्रतिवद्ध हुनु पर्नेछ ।

३) स्थानीय निकाय तथा स्थानीय बासिन्दाबाट जनश्रमदान उपलब्ध गराउन प्रतिवद्ध हुनु पर्नेछ ।

४) आवश्यकता पहिचान गर्ने टोलीलाई आवश्यक पर्ने स्थानीय स्तरको सहयोग स्थानीयरुपमानै भई व्यवस्था हुनु पर्नेछ ।

४. **विद्यालय व्यवस्थापन**

१) हालको जनशक्ति स्थायी दरबन्दीमा रहेको तथा शिक्षक तथा अन्य कर्मचारीको तलब भत्तामा विद्यालयको कुनै किसिमको आर्थिक भार नभएको हुनु पर्नेछ ।

२) विद्यालयका प्रधानाध्यापक कुशल व्यवस्थापक र जनसहयोग जुटाउन सक्षम हुनु पर्नेछ ।

३) विद्यालय व्यवस्थापन समिति विद्यालयका साथै TECS कार्यक्रमको अतिरिक्त जिम्मेवारी बहन गर्न उत्सुक हुनु पर्नेछ ।

४) जिल्ला तथा क्षेत्रीय स्तरमा हुने शैक्षिक बाहेक अन्य प्रतियोगितामा

सरकारी/गैह्रसरकारी क्षेत्रबाट विद्यालय व्यवस्थापन/प्रधानाध्यापक राम्रो भएको हुनु पर्नेछ ।

५) जिल्लाका अन्य विद्यालयको तुलनामा प्रस्तावित विद्यालयमा विद्यार्थी चाप अत्यधिक भएको हुनु पर्नेछ ।

६) विद्यालयका प्र.अ./प्रिन्सिपल यो कार्यक्रम संचालन गर्न उत्साहित हुनु पर्नेछ ।

## ५. विद्यालयको आर्थिक स्थिति :

१) विद्यालयमा उपलब्ध प्रशासनिक कर्मचारी (स्टोर, लेखा, प्रशासन) लाई कार्यक्रमका लागि छुट्याईएको रकममा कुनै दायित्व नपर्ने गरी परिचालन गर्न प्रतिबद्ध हुनु पर्नेछ ।

२) विद्यालयको नियमित बार्षिक आम्दानी खर्चको तुलनामा बढी हुनु पर्नेछ ।

३) TECS कार्यक्रम विद्यालयको आम्दानी नयाँ कार्यक्रम संचालन गर्नका लगानी आम्दानीबाट उक्त कार्यक्रममा खर्च गर्न विद्यालय व्यवस्थापन समिति प्रतिबद्ध हुनु पर्नेछ ।

४) दातृ संस्था वा निकायबाट प्राप्त अनुदान सहयोग जुन कार्यक्रमका लागि प्राप्त भएको हो सोही कार्यक्रममा मात्र खर्च गर्ने परिपाटी रहेको हुनुपर्नेछ ।

५) विद्यालयले नियमित रुपमा लेखा परिक्षण गरेको हुनु पर्ने तथा कुनै आर्थिक अनियमितताका लागि दण्डित नभएको हुनु पर्नेछ ।

## ६. विद्यालयको शैक्षिक स्थिति :

१) कक्षा ८,९ र १० मा Drop out पछिको विद्यार्थी संख्या ४०/४० भन्दा कम हुन नहुने ।

२) विगत ३ वर्षको S.L.C परीक्षामा ५०% भन्दा माथि उत्तिर्ण नतीजा भएको हुनु पर्नेछ ।

३) स्थानीय शैक्षिक प्रतियोगितामा विद्यालय/विद्यार्थी प्रंशशित/पुरस्कृत भएको हुनु पर्नेछ ।

## अनुसूची - ३
## दफा ५ संग सम्बन्धित
## विद्यालय छनौटका लागि मूल्यांकनका आधारहरु

१. **दुर्गम क्षेत्र (अधिकतम अंक ५)**

| | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| क.जिल्ला सदरमुकामबाट २० कोष भन्दा बढी | २ | | |
| ख.जिल्ला सदरमुकामबाट १० कोष भन्दा बढी | ३ | | |
| ग. जिल्ला सदरमुकामबाट ५ कोष भन्दा बढी | ४ | | |
| घ.जिल्ला सदरमुकामबाट ५ कोष भित्र पर्ने लाई | ५ | | |

२. **विद्यार्थीको चाप (अधिकतम अंक ५):**

| मा. वि. स्तरमा विद्यार्थी संख्या | तराई | पहाड | हिमाल | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| - | २५० भन्दा बढी | १५० भन्दा बढी | १२६ भन्दा बढी | ५ | | |
| - | २०१-२५० | १०१-१५० | १०१-१२५ | ३ | | |
| - | १५०-२०० | ५०-१०० | ४०-१०० | २ | | |

३. प्रवेशिकाको गत वर्षको नतिजा (अधिकतम अंक ५):

| प्रवेशिकाको गत वर्षको नतिजा | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| ८०-१००% | ५ | | |
| ६०-७९% | ४ | | |
| ४०-५९% | ३ | | |
| २०-३९% | २ | | |
| १-१९% | १ | | |

४. स्वच्छ पिउने पानी, शौचालय र बिजुली, संचारको सुविधा (अधिकतम अंक १०) :

| श्रोत साधनको विवरण | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| क.खानेपानीको सुविधा छ/छैन | २.० | | |
| ख.विजुलीको सुविधा छ/छैन | ३.० | | |
| ग.शौचालयको सुविधा छ/छैन | ३.० | | |
| घ.संचार, फोन, फयाक्स, नेट | २.० | | |

५. भौतिक सुविधा (अधिकतम अंक २०) :

| जमीन | तराई | पहाड | हिमाल | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| ५.१ विघा/रोपनी | १.५ विघा सम्म | १५ रोपनी सम्म | १५ रोपनी सम्म | १० | | सम्बन्धित विषयको प्रयोगात्मक कार्यको लागि विद्यालय भवनसंग जमिन जोडिएको हुनु पर्दछ । |
| " | १.४ विघा सम्म | १२ रोपनी सम्म | १२ रोपनी सम्म | ८ | | |
| " | १ विघा सम्म | १० रोपनीसम्म | १० रोपनी सम्म | ६ | | |
| " | १५ कट्टा सम्म | ८ रोपनी सम्म | ८ रोपनी सम्म | ४ | | |
| ५.२ (क) प्रयोगशाखा, कक्षा, लाइब्रेरी, अफिस स्टोर, छात्रावास हाल चालु कार्यक्रम भन्दा वढी | | | | १० | | ४० जना प्रशिक्षार्थीहरुका लागि उपयुक्त कक्षा कोठा |
| ५.२. (ख) चालु कार्यक्रमलाई मात्र पुग | | | | ५ | | |

६. (क) **प्रारम्भिक, आर्थिक सहभागिता : (अधिकतम अंक १०) :**

| श्रोत साधनको विवरण | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| क.NGO/INGO/Clubs , ५ वटा गा.वि.स./न.पा/जि.वि.स. को प्रतिबद्धता | १० | | |
| ख.ग्रै.स. संस्था, ३ वटा स्थानीय निकायको प्रतिवद्धता | ७ | | |
| ग.स्थानीय गा.वि.स. को प्रतिवद्धता | ५ | | |

७. (ख) **सम्बन्धित ट्रेड संचालन गर्न चाहिने विद्यालयको आयश्रोत (अधिकतम अंक १०):**

| भौतिक अवस्था | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| (क) स्थानीय निकायबाट प्राप्त | २.५ | | कुल अंक बरावर हुन आए बैंक मौज्दातलाई प्राथमिकता दिने |
| (ख) संघ / संस्थाबाट प्राप्त | २.५ | | |
| (ग) शुल्क तथा अन्य श्रोतबाट प्राप्त | २.५ | | |
| (घ) बैंक मौज्दात | २.५ | | |

८. **आर्थिक अवस्था (अधिकतम अंक २०) :**
**विद्यालयले व्यहोर्ने गरी संचालन खर्च**

| आर्थिक अवस्था | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| क.विद्यालय व्यावस्थापनको निर्णयबाट ५०% भन्दा बढी खर्च व्योहोर्ने | २० | | |
| ख.विद्यालय व्यावस्थापनको निर्णयबाट ३१-४०% खर्च व्योहोर्ने | १५ | | |

| | | | |
|---|---|---|---|
| ग.विद्यालय व्यावस्थापनको निर्णयबाट २१-३०% खर्च व्योहोर्ने | १० | | |
| घ.विद्यालय व्यावस्थापनको निर्णयबाट १०-२०% खर्च व्योहोर्ने | ५ | | |

९. **संभाव्यता (अधिकतम अंक १५) :**

| **श्रोत साधनको विवरण** | **अंकभार** | **प्राप्तांक** | **कैफियत** |
|---|---|---|---|
| क. मानव स्रोत, स्थलगत अभ्यास, स्थानीय माग र रोजागारीको चारवटै अवस्था भए | १५ | | |
| ख. तिनवटा अवस्था मात्र भए | १० | | |
| ग. दुईवटा अवस्था मात्र भए | ५ | | |
| घ. एकवटा अवस्था मात्र भए | २ | | |

मूल्याङ्कन गर्ने कर्मचारीको सुझाव ...............................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

| मूल्याङ्कन गर्ने पदाधिकारी/कर्मचारीको नाम | दस्तखत | पद/कार्यालय |
|---|---|---|
| १ ................................................ | .................. | .................. |
| २ ................................................ | .................. | .................. |
| ३ ................................................ | .................. | .................. |
| ४ ................................................ | .................. | .................. |
| ५ ................................................ | .................. | .................. |

मिति २०७२।०३।२१